Regd.No. 621/054/55 CDO
6892/054/55 SWC

# नेपाल अपाङ्ग महिला संघ

## Nepal Disabled Women Association (NDWA)

Kalopul, Kathmandu
Estd. 2054 (1998)

Ref No ९२३/०६१/०८०

मिति: २०७९ चैत २ गते

**श्री प्रमुखज्यू/ उपप्रमुखज्यू र वडा अध्यक्षज्यू**

**काठमाडौं महानगरपालिका**

**विषय: अपाङ्गता भएका महिलाका लागि समावेश गरिनुपर्ने कार्यक्रम र सवालहरुमा ध्यानाकर्षण गरिएको सम्बन्धमा,**

उपरोक्त सम्वन्धमा नेपाल अपाङ्ग महिला संघ वि.सं. २०५४ सालमा अपाङ्गता भएका महिलाद्वारा काठमाडौंमा स्थापना भएको एक राष्ट्रियस्तरको गैह्रसरकारी संस्था हो । यस संस्थाले अपाङ्गता भएका महिलाप्रतिको विभेद, लैंगिक हिंसाविरुद्ध सचेतना जगाउने र उनीहरुलाई शसक्तिकरण गरी राज्यका निर्णायक तहमा सहभागिताको लागि पैरवी गर्दै आएको छ । यस संस्थाले वि.सं. २०६२ सालदेखि हिंसा प्रभावित अपाङ्गता भएका महिला बालिकाका लागि कानुनी सहयोग, पुनर्स्थापना र न्यायमा पहुँचका लागि काम गर्दै आएको छ । यस संस्थाले कार्यालय स्थापना गरी कालोपुल, बुढानीलकण्ठ, मोरङ र कञ्चनपुर सुदूरपश्चिममा कार्यरत रहेको छ ।

यसै सन्दर्भमा यस पालिकाले आगामी आ.ब. २०८०/०८१ को लागि नीति, कार्यक्रम, योजना र बजेटमा निम्न अनुसारको बुँदाहरु सम्बोधन गरियोस भनि यसै साथ संलग्न गरिएको छ ।

टीका दाहाल

अध्यक्ष

## स्थानीय तहमा समावेश गरिनुपर्ने अपाङ्गता भएका व्यक्तिका सवालहरुः

## आ.व. ०८०।०८१ का लागि

उपरोक्त सम्वन्धमा अपाङ्गता भएका व्यक्तिको सवाललाई सम्वोधन गर्ने राज्यले थुप्रै कानुन, नीति निर्माण गरिसकेको छ । सोही अनुरुप केही राम्रा कामको शुरुवात पनि भैसकेको छ । तर कार्यान्वयनको अवस्था भने एकदमै कमजोर हुनु र पालिकामा वन्ने कार्यक्रमहरु पनि अधिकारमा आधारित नभै दयामा आधारित र छोटो समयको लागिमात्र भएका हुनाले लक्षित वर्गको जीवनमा खासै परिवर्तन आएको पाइदैन ।

जव राज्यको पुर्नसंरचनासँगै संघ, प्रदेश र स्थानीय तहमा विभिन्न नीति योजना कार्यक्रम र वजेट निर्माण गरी अगाडी वढीरहेको छ तसर्थ अपाङ्गता भएका व्यक्ति र अपाङ्गता भएका महिलाका सवालहरु स्थानीय तहमा वन्ने नीति, कार्यक्रम, वजेटमा समावेश गरिनु अति आवश्यक छ । तसर्थ निम्न लिखित सवालहरु नीति र कार्यक्रमको रुपमा मानव अधिकारमैत्री अवधारणा अनुसार यस महानगरपालिकाको आ.व. ०८०/८१ को लागि समावेश गरियोसः

**अपाङ्गता भएका व्यक्तिको शसक्तिकरण, विकास र सहभागिता अभिवृद्धिका लागि कानुनी नीतिगत आधारः**

- नेपालको संविधान २०७२
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७
- स्थानीय सरकार संचालन ऐन २०७४
- अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी महासन्धि(CRPD) सन् २००६ र समितिले सरकारलाई दिएका सिफारिसहरु
- दिगो विकास लक्ष्य सन् २०३०

**पालिकाबाट नीति तथा कार्यक्रम, योजना र बजेटमा समावेश गरिनुपर्ने मुख्य कार्यक्रमहरु :**

- अपाङ्गता भएका महिला र बालिकालाई शिक्षाका लागि छात्रवृत्ति कार्यक्रम लागु गर्नुपर्ने,
- अपाङ्गता भएका महिला र तिनका अभिभावकको आयआर्जन बढाउन खाद्य प्रसोधन, अचार बनाउनेलगायत अन्य तालिम संचालन गरिनुपर्ने, तालिम सञ्चालनमै भएको भए अपाङ्गता भएका महिला र तिनका अभिभावकलाई अनिवार्य रुपमा सहभागी गराउनुपर्ने,
- अपाङ्गता भएका महिलाले उत्पादन र निर्माण गरेका सामान बिक्री गर्न बजारको व्यवस्था वा कोशेली घर स्थापना गर्नुपर्ने,
- अपाङ्गता भएका बालबालिकाको लागि समावेशी शिक्षा प्रबद्धन गर्न, सामुदायीक विद्यालयलाई पहुँचयुक्त बनाउन भौतिक संरचना निर्माणका लागि पालिकाको नीति मै समावेश गर्नुपर्ने,
- बौद्धिक अपाङ्गता, अटिज्म र बहुअपाङ्गता भएका महिला बालिकाको "दैनिक हेरचाह र स्याहार" सम्बन्धी तालिम संचालन हुनुपर्ने,
- मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निशुल्क औषधि र मासिक भत्ता दिनु पर्ने,
- अपाङ्गता भएका ब्यक्तिको तथ्यांक संकलन गरिनुपर्ने,
- अपाङ्गता भएका ब्यक्तिको सम्बन्धमा बनेका कानुन नीतिको बारेमा जनप्रतिनिधि को लागि कानुनी सचेतना तालिमको आयोजना गरिनुपर्ने,
- अपाङ्गता भएका ब्यक्तिको लागि स्वरोजगारी र नेतृत्व विकास तालिमको आयोजना हुनुपर्ने ।

**नीतिगत रुपमा सम्वोधन गरिनुपर्ने सवालहरुः**

- स्थानीय तहले अपाङ्गता समावेशी नीति निर्माण गर्नुपर्ने।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवालमा अपाङ्गतालाई समावेश गरिनुपर्ने।
- स्थानीय तहमा कानुन, नीति, योजनाहरु वन्ने क्रममा अपाङ्गता भएका व्यक्तिको अगुवाको अनिवार्य प्रतिनिधित्व गराइनुपर्ने।

- अपाङ्गतामैत्री पहुँचयुक्त सार्वजनिक संरचना अनिवार्य निर्माण गर्ने गाउँनगर सभाले संकल्प प्रस्ताव पारित गरि कार्यान्वयन र अनुगमन गरिनुपर्ने।
- अपाङ्गता भएका व्यक्तिले संचालन गरेका संघसंस्थाको क्षमता विकास र दिगो पना अभिवृद्धि गर्न वार्षिक वजेट विनियोजन गरिनुपर्ने।
- पालिकामा गठन भएको अपाङ्गता समन्वय समितिलाई स्रोतको प्रवन्ध गरी कर्मचारी, कम्प्युटर सामग्रीसहित कार्यालय संचालनका लागि ठाउँको व्यवस्था गरिनुपर्ने।
- पालिकास्तरमा भएका स्पाइनल कर्ड इन्जुरी भएका, हेमोफेलिया, दिर्घ रोगीलगायत अपाङ्गताकै कारण स्वास्थ्य उपकरण, नियमित औषधी प्रयोग गर्नेहरुका लागि पालिकाले नै निशुल्क र सहज रुपमा स्वास्थ्य उपकरण र औषधी उपलव्ध गराउनुपर्ने।
- अति असक्त, पूर्ण असक्त, वहुअपाङ्गता, वौद्धिक अपाङ्गता, अटिजम, सेरेव्रल पल्सि, स्पाइनल कर्ड इन्जुरी अपाङ्गताका लागि नियमित व्यक्तिगत सहयोगी उपलव्ध गराउने व्यवस्था गरिनुपर्ने ।

  साथै, दृष्टिविहिन, वहिरा ( श्रवणदृष्टिविहीन) व्यक्तिका लागि आवश्यक सहयोगी व्यक्तिको आवश्यकता अनुसार उपलव्ध गराउन सेवा प्रदान गरिनुपर्ने।
- स्थानीय तहमा सहायक सामग्री उत्पादन, मर्मत केन्द्र समेत खोली यसका लागि प्राविधिकहरु उत्पादन गर्नुपर्ने।
- सूचना, संचार र वेवसाइटहरुलाई अपाङ्गतामैत्री पहुँचयुक्त विश्वव्यापी ढाँचामा निर्माण प्रकाशन प्रशारण गरिनुपर्ने (पहुँचयुक्त वेवसाइट, सांकेतिक भाषा दोभाषे, व्रेल, ठुलो छापा, इजि टु रिड गाइडलगायत)।

**आगामी आर्थिक वर्ष ०८०।०८१ का लागि वार्षिक नीति कार्यक्रम र बजेटमा समावेश गरिनुपर्ने सवालहरू :**

१) अपाङ्गता भएका व्यक्तिको तथ्यांक (खण्डीकृत) संकलन गरिनुपर्ने ।

२) अपाङ्गता भएका हिंसा प्रभावित महिला वालिकाको न्यायमा पहुँच सुनिश्चितता गर्न न्यायिक समितिलाई पहुँचयुक्त र समावेशी वनाइनुपर्ने साथै न्यायिक निकायहरू जस्तै अदालत, प्रहरी कार्यालयका भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउनुपर्ने ।

३) अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने स्वास्थ्य सहायक सामग्री उपलब्ध गराइनुपर्ने, उक्त सहायक सामग्री स्थानीय तहमा उत्पादन गरी मर्मत केन्द्र समेत खोली प्राविधिकहरुलाई तालिम प्रदान गर्ने र रोजगार, स्वरोजगारको व्यवस्था गरिनुपर्ने।

४) अपाङ्गता भएका महिलालाई सीपमुलक तालिम प्रदान गरी वजारीकरणको व्यवस्था गरिनुपर्ने । जसमा व्यक्तिको रुचि र छनौटका आधारमा सीप प्रदान गरी विउपुँजी प्रदान गरिनुपर्ने ।

५) अपाङ्गता भएका महिलाले उत्पादन गरेका सामग्रीलाई विक्री गर्ने विक्री कक्ष "पहुँचयुक्त कोशेली घर" खोली अपाङ्गता भएकै महिला र उनका परिवारका सदस्यलाई कामको अवसर दिनुपर्ने ।

६) स्थानीय तहमा भएका सहकारीहरुमा शेयर खरिद गरी अपाङ्गता भएका अति असक्त पूर्ण असक्तको नाममा नियमित वचत गर्ने व्यवस्था गरिनुपर्ने ।

७) मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको तथ्यांक अध्यावधिक गरी अनिवार्य नियमितरुपमा निशुल्क औषधि उपलव्ध गराइनुपर्ने।

८) अपाङ्गता भएका महिलाको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरिनुपर्ने

९) अपाङ्गता भएका वालवालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितताका लागि विद्यालयसम्म आउन समस्या भएका बालबालिकाको पहिचान गरी घरै पुगेर "घरदैलो शिक्षा" दिने कार्यक्रम लागु गर्नुपर्ने।

१०) हिंसा प्रभावित अपाङ्गता भएका महिला बालिकाका लागि दिर्घकालिन पुर्नस्थापना र जिविकोपार्जनका कार्यक्रम ल्याइनुपर्ने साथै प्रदेश र स्थानीय तहमा वनिरहेका र वन्ने सुरक्षित आवासहरुलाई अपाङ्गतामैत्री र पहुँचयुक्त वनाइनुपर्ने ।

११) स्थानीय तहमा रहेका प्रत्येक सामुदायिक, नीजि विद्यालयहरुलाई अपाङ्गतामैत्री पहुँचयुक्त निर्माण गरी सवै बालबालिकाले पढ्न पाउने व्यवस्था गरिनुपर्ने ।

१२) अपाङ्गता भएका व्यक्तिको टोलस्तरमा सञ्जाल गठन गरी अभिभावक समेत समावेश गरी सचेतनामूलक, सीपमुलक तालिम संचालन गरिनुपर्ने।

१३) स्थानीय तहका सवै सार्वजनिक स्थलहरु भवन, पार्क, विद्यालय, कलेज, अस्पताल, सिनेमा हल साथै पालिकाको भवन, वडा कार्यालयलाई अपाङ्गतामैत्री वनाइ सहज सेवा प्रदान गरिनुपर्ने

।

१४) अपाङ्गता भित्रको गरीव, एकल, हिंसा प्रभावित, असहाय, पूर्ण असक्त अपाङ्गताका अभिभावक, संरक्षकको तथ्यांक यकिन गरी मासिक रुपमा आर्थिक सहयोग गरिनुपर्ने

१५) अपाङ्गता सहयोग कोष स्थापना गरिनुपर्ने।

१६) कृषि, पशु पालन, कृषिजन्य व्यवसाय, सामूहिक कृषि कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिलाई अवसर प्रदान गरी समावेश गरिनुपर्ने।

१७) हरेक पालिका र यसका सवै संरचनामा सांकेतिक भाषा दोभाषेको नियुक्ति अनिवार्य गरिनुपर्ने।

१८) पालिकामा २ जना अपाङ्गता भएका व्यक्ति एकजना महिला र एकजना पुरुषलाई अनिवार्य रोजगार प्रदान गरिनुपर्ने।

१९) विपदजोखिम न्यूनीकरणमा अपाङ्गता भएका व्यक्तिको व्यवस्थापनका कार्यक्रम ल्याइनुपर्ने ।

२०) अपाङ्गता भएका असहाय, सिमान्तकृत र वहुअपाङ्गता भएका व्यक्तिका लागि समुदायमै पुर्नस्थापित गर्न **"सामुदायिक पुर्नस्थापना"** स्थापना गरी अभिभावकलाई जिम्मेवार वनाउने गरी कार्यक्रम ल्याइनुपर्ने ।

२१) पालिकास्तरमा निर्माण भइरहेका र निर्माण हुने योजनामा रहेका सार्वजनिक शौचालय खानेपानीका धारा विश्वव्यापी ढाँचामा अपाङ्गतामैत्री पहुँचयुक्त बनाइनुपर्ने

धन्यवाद,